annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १९८ पृष्ठ ८ | काठमाडौं, शनिबार ८ मंसिर २०८१ | मार्ग कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४५ | SATURDAY, NOVEMBER 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कागजमा हलियामुक्त, व्यवहारमा कायमै

**२०६५ भदौ २१ गते, सरकारले मुक्तिको घोषणा गर्दा हलियाहरूमा खुसीको सीमा नै थिएन। पुस्तौंको बन्धकबाट मुक्ति पाइयो, अब त आफ्नै काम गर्न पाइएला भन्ने आशा थियो। नहोस् पनि किन, राज्य (अभिभावक) ले चाँडै पुनर्स्थापना गर्ने वचन पनि दिएको थियो। तर, दिन, महिना गर्दै १६ वर्ष बिते, सरकारले वास्तै गरेन। अनि, फेरि साहुकै हलो जोत्न बाध्य भए। अर्थात्, कागजमा हलियामुक्त भए, व्यवहारमा कर्णाली र सुदूरपश्चिममा हलिया प्रथा कायमै रह्यो।**

**ललितबहादुर बुढा** | *सुर्खेत*

– को रिपोर्ट




समाचार पृष्ठ २

# काठमाडौंमा एमालेको शक्ति प्रदर्शन

## ‘सामाजिक द्वेष र अराजकता पाच्य हुँदैन’


अशोक दुलाल


अभिषेक महर्जन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेले काठमाडौंमा शक्ति प्रदर्शन गरेको छ। सरकारको नेतृत्वको पार्टी एमालेले ठूला जनसहभागिताबीच जागरणसभा गरेको हो। पछिल्लो समयमा हुर्किएको प्रायोजित अराजकता, भ्रम, मिथ्या सूचनालाई चिर्नको लागि गरिएको सभालाई पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले सम्बोधन गरेका थिए। सभाको सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले सामाजिक द्वेष र अराजकता पाच्य नहुने बताए। ‘चरित्र हत्या गर्ने, घृणा फैसाउने कुरा पाच्य हुँदैन,’ उनले भने। उनले अराजकता फैलाउने कडा कारबाही हुने बताए। अध्यक्ष ओलीले एमालेमाथि लगाइएका कुनै पनि आरोपहरू खण्डन र चर्चा गर्न लायकका सिज नभएका बताए। ‘त्यस्ता आरोप लगाउनेहरू आफैं आरोप लगाउने र आफैं सुनेर दंग पर्ने मात्र हुन्। भ्रममा पर्दैन जनता, कसले कति कमाएको छ, कसले कति कमाएको छैन, यी कुरा सबै विश्वले देखेको छ, दुनियाँले देखेको छ', ओलीले भने।

उनले कम्बोडियाको टेलिकममा क-कस्को लगानी छ भन्ने कुरा थाहा पाउन कुनै गाह्रो नरहेको बताए। अध्यक्ष ओलीले यस्ता कुरामा समेत दुष्प्रचार गरिएको बताए। उनले ‘आफू गल्ती गर्ने, अरूको टाउकोमा खन्याउने।’ कम्बोडियाको टेलिकममा आफूले लगानी गरेको भनेर भ्रम फैलाउनेहरूलाई तथ्यसहित बहस गर्न चुनौती दिए ‘अहिलेको सरकारलाई कसैले हल्लाउन सक्ने छैन, किनभने अहिले हामी कुनै कमिसनखोरी गर्नका लागि सरकारमा गएका होइनौं,’ ओलीले भने, ‘भ्रष्टाचार गर्न होइन, आफ्ना भर्ती गर्नका लागि होइन। म विभिन्न पार्टीका नेता साथीहरूलाई भन्न चाहन्छु। तपाईंहरू नेकपा एमालेतिर औंलो ठड्याएर बोलिरहनु भएको छ। के तपाईंहरू साँच्चै बहस गर्न सक्नुहुन्छ नेकपा एमालेसँग ? तथ्यसहित बहस गर्न सक्नुहुन्छ। भन्दिए त भयो नि। देशलाई असफल राष्ट्र बनाउन त्यस्ता दुष्प्रचार भइरहेको बताए।

उनले भने, ‘कम्बोडियामा ३२ हजार करोड, २१ हजार करोड डलर, स्विस बैंकमा यत्ति हजार ? तपाईंहरू त हेर्न जानुहुन्न। यस्ता फाल्तु कुराहरू गरेर केही छैन। देशको अर्थतन्त्र र मौद्रिक नीतिलाई खल्बल्याउन र ध्वस्त बनाउनका लागि यस्ता कुराहरू भएका हुन्।’

उनले नाङ्लो ठटाएर हात्ती तर्साउने काम नगर्ने चेतावनी दिए। एमाले हात्तीको बथानजस्तो पार्टी भएकोले नाङ्लो ठटाएर नतर्सने ओलीले स्पष्ट पारे। अध्यक्ष ओलीले एमालेविरुद्ध अनेक हल्ला चलाइए पनि एमाले भ्रमको पछि नदौडन आग्रह गरे। ‘नेकपा एमाले कागले कान लग्यो भन्दैमा कागका पछिपछि आकाशतर्फ हेरेर कागका पछिपछि दौडन पार्टी होइन’, उनले भने। उनले आफूले कुनै बेइमानी नगरेको दाबी गरे। नेपाली जनताले ठूलो बलिदानबाट अहिलेको व्यवस्था ल्याएको बताउँदै जनता कुहिराको काग बनेर नकुद्ने ओलीले दाबी गरे ‘नेपाली जनता भ्रममा पर्दैन’, उनले भने। अनेक षड्यन्त्र र भ्रम चिरेर आफूहरू विकास, समृद्धि र सुशासनको संकल्प पूरा गर्ने बाटोमा ढुक्कका साथ अघि बढेको बताए।

» बाँकी पृष्ठ ६

26th ANNIVERSARY

सेवाको २६ औं वर्ष





MANAKAMANA CABLE CAR

1998-2024 | २०५५–२०८१

मनकामना माताको असीम आशिर्वाद एवं कृपा, नेपालका केबुलकारका श्रष्टा एवं यस प्रा.लि.का संस्थापक स्व. लक्ष्मणबाबु श्रेष्ठको मार्गदर्शनका साथै आदरणीय यात्रुजनहरुको माया र स्नेहका कारण आज हामी सेवाको २६ औं वर्ष पुरा गरी २७ औं वर्षमा प्रवेश गरेका छौं र आगामी आउने दिनमा निरन्तर स्तरीय सेवा दिने प्रण गर्दछौं ।

हामीलाई यहाँसम्म पुऱ्याउन प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णमा हामी आभार व्यक्त गर्दछौं ।

मनकामना दर्शन (प्रा.) लि.

MANAKAMANA DARSHAN (P) LTD.

manakamanacablecar.com | @cablecarmanakamana | manakamanacablecar | info@manakamanacablecar.com